# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुर

## कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८१/१०/११**

लोक सेवा आयोगबाट सहमति प्राप्त भएअनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा निम्न तह र सेवा समूहमा रिक्त रहेका देहायका पदहरू कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरी पदपूर्ति गर्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेड कर्मचारी सेवा शर्त (आठौं संशोधन) विनियमावली, २०८० को विनियम २४ बमोजिम योग्य भई विनियम २९ बमोजिमको योग्यता पूरा गरेका एवम् सोही विनियमावली बमोजिम अयोग्य नभएका सम्भाव्य कर्मचारीहरूले मिति २०८१/११/१० गतेसम्म (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म) केन्द्रबाट उपलब्ध हुने दरखास्त फाराम भरी हालको पदको नियुक्तिपत्र/बढुवापत्र, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू समेत संलग्न गरी यस केन्द्रको प्रशासन विभागमा दर्ता गराउन सम्बन्धित सबै कर्मचारीहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र रीतपूर्वकको फाराम भरी दर्ता नगराएमा त्यस्ता कर्मचारीहरूको बढुवासम्बन्धी कारबाही नहुने र पछि कुनै किसिमको उजुरी नलाग्ने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना केन्द्रको वेबसाइट **www.janakedu.org.np** मा समेत हेर्न सकिने छ।

| क्र.सं. | बढुवा सूचना नम्बर | पद | तह | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | निर्देशक | १० | प्रशासन | प्रशासन | १ |
| २. | २/२०८१/०८२ | उपनिर्देशक | ९ | प्रशासन | प्रशासन | १ |
| ३. | ३/२०८१/०८२ | प्रबन्धक | ८ | प्रशासन | प्रशासन | १ |
| ४. | ४/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्रशासन | प्रशासन | १ |
| ५. | ५/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्रशासन | लेखा तथा स्टोर | १ |
| ६. | ६/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्राविधिक | अफसेट | २ |
| ७. | ७/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्राविधिक | मेकानिकल | १ |
| ८. | ८/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्राविधिक | प्रि प्रेस | १ |
| ९. | ९/२०८१/०८१ | शाखा अधिकृत | ६ | प्राविधिक | अफसेट | १ |
| १०. | १०/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्राविधिक | प्रि प्रेस | १ |
| ११. | ११/२०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | लेखा तथा स्टोर | १ |
| १२. | १२/२०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | अफसेट | २ |
| १३. | १३/२०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | बाइन्डिङ | २ |
| १४. | १४/२०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | प्रि प्रेस | १ |
| १५. | १५/२०८१/०८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | सूचना प्रविधि | १ |

**सदस्य सचिव**
पदपूर्ति समिति

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुर

## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८१/१०/११**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा रिक्त रहेका देहायका पदहरूमा आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्तिका लागि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वकको दरखास्त आव्हान गरिएको छ। दरखास्त फाराम यस केन्द्रको वेबसाइट www.janakedu.org.np बाट डाउनलोड गरी $A_4$ साइजको पेपरमा प्रिन्ट गरी हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो टाँस गरी सम्पूर्ण विवरण भरी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुरमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क्र.सं | विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद संख्या | आन्तरिक, खुला/समावेशी | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | प्रबन्धक | ८ | प्रशासन | प्रशासन | १ | खुला | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको कार्यअनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधी उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ । |
| २. | २/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्रशासन | प्रशासन | १ | आन्तरिक प्रतियोगिता | केन्द्रको कर्मचारी सेवा शर्त (आठौं संशोधन) विनियमावली, २०८० को विनियम २४ बमोजिम योग्य भई विनियम २९ बमोजिमको योग्यता पूरा गरेको। |
| ३. | ३/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्रशासन | लेखा तथा स्टोर | १ | खुला | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको । |
| ४. | ४/२०८१/०८२ | उपप्रबन्धक | ७ | प्राविधिक | बाइन्डिङ | १ | खुला | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा स्नातक गरेको वा कुनै पनि विषयमा स्नातक गरी कुनै सार्वजनिक संस्थामा बाइन्डिङ सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । |
| ५. | ५/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्रशासन | प्रशासन | २ | खुला - १<br>आ.ज. - १ (पुनः) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको । |
| ६. | ६/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्रशासन | लेखा तथा स्टोर | २ | आ.ज. - १ (पुनः)<br>मधेशी - १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको । |
| ७. | ७/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्राविधिक | अफसेट | १ | आन्तरिक प्रतियोगिता | केन्द्रको कर्मचारी सेवा शर्त (आठौं संशोधन) विनियमावली, २०८० को विनियम २४ बमोजिम योग्य भई विनियम २९ बमोजिमको योग्यता पूरा गरेको। |
| ८. | ८/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्राविधिक | अफसेट | ४ | खुला - १<br>महिला - १ (पुनः)<br>आ.ज. - १ (पुनः)<br>मधेशी - १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा स्नातक गरेको वा कुनै पनि विषयमा स्नातक गरी कुनै सार्वजनिक संस्थामा अफसेट सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । |
| ९. | ९/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्राविधिक | बाइन्डिङ | २ | खुला - १<br>आ.ज.- १ (पुनः) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा स्नातक गरेको वा कुनै पनि विषयमा स्नातक गरी कुनै सार्वजनिक संस्थामा बाइन्डिङ सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । |
| १०. | १०/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्राविधिक | मेकानिकल | १ | महिला - १ (पुनः) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको । |
| ११. | ११/२०८१/०८२ | शाखा अधिकृत | ६ | प्राविधिक | प्रि प्रेस | १ | महिला - १ (पुनः) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा स्नातक गरेको वा कुनै पनि विषयमा स्नातक गरी कुनै सार्वजनिक संस्थामा प्रि प्रेस सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । |
| १२. | १२/२०८१/०८२ | बरिष्ठ सहायक | ५ | प्रशासन | लेखा तथा स्टोर | १ | खुला - १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यापार प्रशासन विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवम् प्रयोगात्मक) मा न्यूनतम डि प्लस र सिजिपिए एक दशमलव छ प्राप्त गरी सम्बन्धित विषयमा १०+२ उत्तिर्ण । |
| १३. | १३/२०८१/०८२ | बरिष्ठ सहायक | ५ | प्राविधिक | अफसेट | ६ | खुला - २<br>महिला - १ (पुनः)<br>आ.ज. - १ (पुनः)<br>मधेशी - १ (पुनः)<br>दलित - १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा १०+२ वा सो सरह उत्तिर्ण गरी कुनै सार्वजनिक संस्थामा अफसेट सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । वा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, कर्मचारी सेवा शर्त विनियमावलीको विनियम ९(४) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धित विषयमा सीप तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |
| १४. | १४/२०८१/०८२ | बरिष्ठ सहायक | ५ | प्राविधिक | बाइन्डिङ | २ | महिला - १<br>मधेशी - १ (पुनः) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा १०+२ वा सो सरह उत्तिर्ण गरी कुनै सार्वजनिक संस्थामा बाइन्डिङ सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । वा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, कर्मचारी सेवा शर्त विनियमावलीको विनियम ९(४) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धित विषयमा सीप तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |
| १५. | १५/२०८१/०८२ | बरिष्ठ सहायक | ५ | प्राविधिक | प्रि प्रेस | १ | महिला - १ (पुनः) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुद्रण व्यवस्थापन विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा १०+२ वा सो सरह उत्तिर्ण गरी कुनै सार्वजनिक संस्थामा प्रि प्रेस सम्बन्धी दुई वर्ष काम गरेको अनुभव प्राप्त वा कुनै सार्वजनिक वा संगठित संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको । वा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, कर्मचारी सेवा शर्त विनियमावलीको विनियम ९(४) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धित विषयमा सीप तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |
| १६. | १६/२०८१/०८२ | बरिष्ठ सहायक | ५ | प्राविधिक | सूचना प्रविधि | १ | खुला - १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, कर्मचारी सेवा शर्त विनियमावलीको विनियम ९(४) बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धित विषयमा सीप तह तीनको प्रमाणपत्र प्राप्त गरेको । |

**विज्ञापन सम्बन्धी विशेष सूचना**

सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

१. **परीक्षाको किसिम:-** लिखित तथा अन्तवार्ता (प्रयोगात्मक हुनेमा सो समेत) ।

२. **दरखास्त दिने स्थान**:- जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, केन्द्रीय कार्यालय सानोठिमी, भक्तपुर ।

३. **दरखास्त दस्तुर**:- तह-९ का लागि रु.२,०००।- तह-८, ७ र ६ का लागि रु.१२००।- तह ५ का लागि रु.७००।- बुझाउनु पर्नेछ । समावेशी समूहमा थप दरखास्त पेश गर्ने उम्मेदवारले थप प्रति समावेशी समूहबापत तह ५ का लागि रु.२००।- र तह ६ का लागि रु.४००।- थप दस्तुरसमेत बुझाउनु पर्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ । दरखास्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक सानोठिमी शाखामा रहेको यस केन्द्रको खाता नं.१७३०१००००११०१००१ मा आवेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी जम्मा गर्ने र सोको भौचर दरखास्तसाथ संलग्न गर्नु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम मिति**:- २०८१/११/०१ र दोब्बर दस्तुर २०८१/११/०८ सम्म । दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।

५. **उम्मेदवारको उमेरको हद:-**
   (क) अधिकृत स्तर तह ६ र ७ का लागि २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिका हकमा ४० वर्ष ननाघेको ।
   (ख) सहायक स्तर तह ५ का लागि १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिका हकमा ४० वर्ष ननाघेको ।
   (ग केन्द्रमा कार्यरत स्थायी कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

६. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्य अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

७. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रचलित कर्मचारी सेवा सर्त बिनियमावली बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।

८. निम्नलिखित कागजातहरूका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्तसाथ अनिवार्यरूपमा संलग्न गर्नु पर्नेछ ।
   (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
   (ख) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि ।
   (ग) विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारहरूको हकमा समकक्षताको प्रतिलिपि ।

९. **काम गर्नुपर्ने स्थान:-** प्रशासन सेवाको प्रशासन/लेखा तथा स्टोर समूहको तह ५, ६ र ७ मा सिफारिस हुने उम्मेदवारहरूले केन्द्रको प्रादेशिक कार्यालयहरूमा अनिवार्यरूपमा २ वर्ष काम गर्नु पर्नेछ ।

१०. **समावेशीतर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरू:-**
   (क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाका आधारमा तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्तसाथ पेश गर्नु पर्नेछ ।
   (ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिका हकमा सोही सूचीका आधारमा । तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्तसाथ पेश गर्नु पर्नेछ ।
   (ग) अपाङ्गता भएका व्यक्तिका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि दरखास्तसाथ पेश गर्नु पर्नेछ ।
   (घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेका आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपी दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

११. एउटा पदका लागि खुला र समावेशीतर्फका विभिन्न समूहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समूहमध्ये जुन जुन समूहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिए बमोजिम चिन्ह लगाउनु पर्नेछ ।

१२. रित नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्यरूपमा संलग्न हुनुपर्ने कागजात संलग्न नभई पेश हुन आएका दरखास्त फाराम स्वीकृत गरिने छैन ।

१३. पाठ्यक्रम केन्द्रको वेबसाइट www.janakedu.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**सदस्य सचिव**
पदपूर्ति समिति